大学尼泊尔语专业教材

# 尼泊尔语听力

## 第 2 册

编者 王 宗

审定 徐曼华

中国人民解放军外国语学院

一九九二年六月

सुन्ने सामग्री (२) ( युनिट एक)

यो रेडियो नेपाल हो, माधव घिमिरेबाट समाचार सुन्नोस् ।

नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले जनतामा चेतना जति बढ्छ प्रजातन्त्र पनि त्यति नै सुदृढ हुन्छ भन्नु भएको छ ।

इराकले साउदी अरेबिया तथा इजरायलका केही स्थानमा क्षेप्यास्त्र हानेको कुरा जनाएको छ भने बहुराष्ट्रिय सेनाले इराक विरुद्धको कार्यवाही जारी राखेको छ ।

खाडीमा युद्ध विराम गर्ने शान्ति योजना कुनै पनि मुलुक वा मुलुकहरुको समूहले शुरु गरेमा पनि अमेरिकाले स्वीकार नगर्ने कुरा जनाएको छ ।

अब सुन्नोस् पूरा समाचार ।

नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहले जनतामा चेतना जति बढ्छ प्रजातन्त्र पनि त्यति नै सुदृढ हुन्छ भन्नु भएको छ ।
निजी तथा आवासीय विद्यालय संगठन केन्द्रीय तदर्थ समितिद्वारा आज आयोजित प्रथम राष्ट्रिय महासंमेलनका प्रमुख अतिथि श्री सिंहले राष्ट्रिय ढुकुटी रित्तिएको अवस्थामा अन्तरिम सरकारले शिक्षा क्षेत्रको विकासको लागि समुचित ध्यान दिन नसकेको

भए तापनि अब निर्वाचित सरकारले शिक्षाप्रति आवश्यक राम्रो ध्यान दिनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।२०१७ सालमा अहिले जस्तो जन चेतना न भएकोले नै जनता भ्रममा परेको चर्चा गर्दै उहाँले अहिले देशमा जुन किसिमबाट शिक्षाको वृद्धि भएको छ, त्यो देशको लागि राम्रो लक्षण हो भन्नु भयो । नेपाली जनताले नेपाली कांग्रेसलाई सबै भन्दा बढी गाली गर्छन् तर सबै भन्दा बढी माया पनि नेपाली कांग्रेसलाई नै गर्छन् भन्दै सर्वमान्य नेता श्री सिंहले आगामी आमनिर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत नल्याएमा बहुमतको कुनै अर्थ नरहने कुरा दोहोर्याउनु भयो ।

महासंमेलनको उद्घाटन गर्दै समारोहका सभापति शिक्षा तथा सांस्कृतिक मन्त्री डा केशर जंगरायमाजीले हाम्रो मुलुकको प्रमुख शत्रु पछौटेपन हो र योसंग लड्ने एक मात्र हतियार शिक्षा भएकोले शिक्षाको विकासमा सबैको ध्यान केन्द्रीत हुनु पर्ने तर्फ जोड दिनु भयो । देशमा आज असंतोषको साथसाथै आशा र उत्साहको लहर पनि छ भन्दै मन्त्री डा. रायमाजीले आगामी आम निर्वाचन निष्पक्ष तथा शान्तिपूर्वक सम्पन्न गराई जनताको आशा पूर्ण गराउनमा बुद्धिजीवी वर्गको ठूलो भूमिकारहने कुरा उल्लेख गर्नु

भयो ।

केन्द्रीय तदर्थ समितिका अध्यक्ष रत्ना बहादुर बज्राचार्यले महासंमेलनले निजी तथा आवासीय विद्यालय सम्बन्धी नीति निर्माण गर्न श्री ५ को सरकारलाई सघाउने विश्वास व्यक्त गर्नु भयो ।

प्रधान मन्त्री तथा परराष्ट्र मन्त्री कृष्ण प्रसाद भट्टराईले संयुक्त राष्ट्र संघको तत्वावधानमा काठमाडौंमा आजदेखि संचालन भएको तीन दिने निशस्त्रीकरण सम्बन्धी क्षेत्रीय बैठकमा सहभागी-हरु संग परराष्ट्र मन्त्रालयमा उहांहरुको स्वागतार्थ आयोजित चियापानमा कुरा गर्दै यस प्रकारको बैठक पुन:काठमाडौंमा आयोजना गरिएकोमा खुशी प्रकट गर्नु भयो । हालको परिवर्तित राजनीतिक अवस्थाको राजनीतिक व्यवस्थाको सन्दर्भमा श्री भट्टराईले संयुक्त राष्ट्र संघका सिद्धान्त एवं मान्यताहरुप्रति नेपालको वचन बद्धता रहेको कुरा उल्लेख गर्नु भयो । निशस्त्रीकरण सम्बन्धी यस प्रकारको बैठकको विशेष महत्व हुने कुराको चर्चा गर्दै व्यापक रुपमा निशस्त्रीकरण गरिनु पर्ने आवश्यकतालाई महसूस गराउन यस बैठकले महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने कुरा श्री भट्टराईले

बताउनु भयो ।

प्रधानमन्त्री भट्टराईले खाडी युद्धबारे आफ्नो चिन्ता व्यक्त गर्दै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को निर्णय अनुरुप कुवेतबाट इराक फिर्ता गएमा मध्यपूर्वको समस्या समाधान हुने तर्फ ठूलो सहायता हुने आशा व्यक्त गर्नु भयो । अन्तर्राष्ट्रिय सम्बन्धमा संघर्ष रोक्न विस्तारित रुपमा निशस्त्रीकरणको प्रक्रिया आज झन् आवश्यक भएको विचार गृह तथा संचार मन्त्री युग प्रसाद उपाध्यायले बताउनु भयो। एशिया प्रशान्त क्षेत्रमा विश्वासको वातावरण सिर्जना गर्ने उपाय सम्बन्धी संयुक्त राष्ट्रसंघीय क्षेत्रीय बैठकमा आज उद्घाटन भाषण गर्दै श्री उपाध्यायले खाडीमा युद्ध भएको बेला हुन लागेको यो बैठकको आफ्नै महत्व छ भन्नु भयो ।

बहुदलीय प्रणाली र संवैधानिक राजतन्त्रको स्थिति ल्याउने जन आन्दोलनको स्मरण गर्दै श्री उपाध्यायले भन्नु भयो, हामी देशमा प्रजातन्त्रलाई सुदृढ पार्न एक सकारात्मक दिशामा अघि बढ्दैछौं, यस नयां सन्दर्भमा संयुक्त राष्ट्र संघका बडापत्रमा उल्लेखित सिद्धान्त प्रति हाम्रो प्रतिबद्धता दोहर्याउंछौं भन्दै उहाँले मानव अधिकार नै नागरिक स्वतन्त्रताका लागि सम्मान प्रवर्तन गर्न सहयोगी हुने मानव अधिकारका विश्व व्यापी घोषणामा हामीले धेरै महत्व दिन्छौं



此为试读，需要完整PDF请访问：www.ertongbook.com

भनी स्पष्ट पार्नु भयो ।

प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईले वयोवृद्ध चित्रकार मनोहरमान पुणको सत्तहरौं शुभजन्मोत्सवको उपलक्ष्यमा उहांको एक व्यक्ति चित्रकला प्रदर्शनीको सिर्जना कन्टेम्पोररीआर्ट ग्यालरीमा (contemporary art gallery ) आज उद्घाटन गर्नु भयो । युवा कलाकार समूह याकद्वारा आयोजित श्री पुणको उक्त पांचौं एक व्यक्ति प्रदर्शनीमा पानीरंग र तेलरंगका गरी सहतर वटा चित्रहरु प्रदर्शीत छन् । प्रदर्शनी दुई साता सम्म खुल्ला रहनेछ । प्रदर्शनी उद्घाटन समारोह पछि बाल्यकाल देखि चित्रकला... लागेर सहतरवर्षको उमेर सम्म कला सिर्जनामा लागिरहेका मनोहरमान पुणको सम्मानमा अभिनन्दन गरिएको थियो । प्रधानमन्त्री श्री भट्टराईले अभिनन्दन समारोहलाई सम्बोधन गर्दै कलाकारका चित्रहरु आफूलाई सरल रमनोरम लागेको कुरा बताउनु भयो ।

शहीद दिवस विभिन्न कार्यक्रमको आयोजना गरी सप्ताह व्यापी रुपमा मनाउने क्रम आज देखि शुरु भयो । शहीद दिवसको पहिलो दिन आज शहीद गेटबाट निस्केको प्रभात फेरी वीर अस्पताल र रत्नपार्क हुंदै लैंचउरस्थित शहीद स्मारक स्थलमा पुगेर श्रद्धांजलि सभामा परिणत भएको थियो । शहीद स्मारक

स्थल लैनचौरमा आयोजित श्रद्धांजलि सभामा जल स्रोत मन्त्री श्री महेन्द्र नारायण नीधिले मुलुकमा अहिले जुन परिवर्तन आएको छ त्यो ज्ञात अज्ञात शहीदहरुको बलिदान तथा आमजनताको अनवरत संघर्षकै कारण सम्भव हुन सकेको हो भन्नु भयो । अन्तरिम सरकारको मुख्यकाम देशमा शान्ति सुरक्षा तथा अमन चयन कायम गर्नु, संविधान निर्माण गर्नु र आम चुनाव गराउनु हो । भन्दै उहाँले आम चुनाव पछि बन्ने सरकारले जनताको सबै काम गर्ने कुरा स्पष्ट पार्नु भयो । श्रद्धांजलि सभामा शहीद दिवस समारोह समितिका अध्यक्ष श्री राम हरी शर्माले प्रभात फेरीमा देखिएको युवाहरुको उत्साह तथा सहभागिताले शहीद प्रति आदर र सम्मान गर्नु पर्दछ भन्ने भावनाको उजागर भएको आफूलाई लागेको कुरा बताउँदै आगामी वर्ष देखि अधिराज्य भर नै शहीद दिवस भव्य रुपले मनाउने आधार तयार गरिन लागेको कुरा बताउनु भयो ।

श्री ५ को सरकारद्वारा हालै जारि गरिएको नयाँ प्रेस नीति अनुरुप गठित अस्थायी विवरण संपरिक्षण समितिले आज देखि आफ्नो कार्य शुरु गरेको छ । नेपाल अधिराज्यबाट प्रकाशित पत्र पत्रिकाहरुको वितरण स्थितिको तथ्यांक संग्रह गर्नु यो समितिको मुख्य काम हो । समितिले अधिराज्यबाट प्रकाशित सम्पूर्ण पत्र

पत्रिकाहरुलाई पन्ध्र दिन भित्र आफ्नो वितरण स्थितिको तथ्यांक सो समितिलाई उपलब्ध गराउन अनुरोध गरेको छ ।

भूतपूर्व सहायक मन्त्री शंकरभीम सिंह दिवान तथा भूतपूर्व रा... पंचायत सदस्य दुर्गा मणि दिवान र विघटित संखुवा सभा जिल्ला पंचायतका केही सदस्यहरु नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

समाचार रेडियो नेपालबाट सुन्दै हुनु हुन्छ ।

इराकले गए राति साउदी अरेबिया तथा इजरायलका केही स्थानमा क्षेप्यास्त्र हानेको कुरा जनाएको छ । बगदाद रेडियो-द्वारा प्रसारित सैन्य कतिविधि सम्बन्धी पछिल्लो विज्ञप्तिमा बहुराष्ट्रिय सेनाले गए राति इराकमा आक्रमण गर्न जांदा चार वटा विमान इराकले गोली हानी खसालेको कुरा जनाइएको छ । सो विज्ञप्तिमा अमेरिकाले अस्ति इराकका दुई वटा तेल भण्डारमा हवाइ आक्रमण गरेपछि ठूलो परिमाणमा तेल पोखिएर वातावरणमा प्रतिकूल असर परेको कुरा उल्लेख गरिएको छ ।

बगदाद रेडियोले सैनिक प्रवक्ताको उल्लेख गर्दै अमेरिकाले वातावरण प्रदुषण गरेको आरोप पनि लगाइएको छ । इराकले आफ्नो सैनिक वक्तव्यमा इजरायलको हाइफा शहरमा गए

राति क्षेप्यास्त्र हानेको कुरा जनाएको छ । विज्ञप्तिमा आज बिहान सम्म सम्बद्ध मुलुकका सैनिकहरुले इराकमा पन्ध्र पटक हवाइ आक्रमण गरेको कुरा जनाइएको छ ।

इराकी राष्ट्रपतिले युद्धमा इराक विजय हुने दावी गर्नु भएको कुरा पनि विज्ञप्तिमा उल्लेख गरिएको छ । यसै बीच अमेरिकी राष्ट्रपति जर्ज बुशले इराकविरुद्ध एक हप्ता अघि शुरु भएको कारवाही (          ) अनुरुपले संचालन भएको र सो कारवाई विना रोकावट जारी नै रहने कुरा बताउनु भएको छ । राष्ट्रपति बुसले इराकी राष्ट्रपति सद्दाम हुसनलाई निरंकुश व्यक्ति भन्दै त्यस्तामाथि उचित कारवाही गरिने कुरा बताउनु भएको समाचार छ । राष्ट्रपति बुसले पनि इराकी राष्ट्रपति सद्दाम हुसनले जस्तै युद्ध अमेरिकाले जित्ने दावी गर्नु भयो । उहाँले इराकी राष्ट्रपतिले स्कट क्षेप्यास्त्र निर्दोष सैर सैनिक व्यक्तिहरु माथि जथाभावी प्रयोग गरेको आरोप लगाउनु भयो ।

राष्ट्र संघीय महासचिव हाभियर पेरेज द कोरियारले खाड़ी युद्ध समाप्त भएपछि अरब इजरायल संघर्ष समाधान गर्ने उपाय पत्ता लगाउन आवश्यक भएको कुरा बताउनु भएको छ । राष्ट्र संघमा समाचारदाताहरुसंग कुराकानी गर्दै श्री कोरियारले

कुवेतबाट इराकले आफ्नो सेना फिर्ता लाने आशा व्यक्त गर्नु भयो । र त्यस पछि अरब इजरायल समस्या समाधान गर्न अन्तर्राष्ट्रिय सम्मेलन गर्ने विचार व्यक्त गर्नु भयो ।

खाडी स्थित बहु राष्ट्रिय सेनाले आज पनि इराक विरुद्ध लगातार हवाई आक्रमण गरिरहेका छन् । फ्रान्सको बम वर्षक विमानले कुवेतको सिमा नजीकै रहेको इराकी सैन्यका सब भन्दा वफादार सैनिक इराकी रिपब्लीकन गार्डको प्राविधिक केन्द्रमा आक्रमण गरेको कुरा फ्रान्सले जनाएको छ ।पेरिसमा एक जना प्रवक्ताले फ्रान्सको बमबर्षक विमानले कुवेत स्थित इराकको गोलाबारुद केन्द्रमा पनि आक्रमण गरेको कुरा बताएका छन् । ती केन्द्रहरुमा आक्रमण गरी फ्रान्सको बमबर्षक विमान आफ्नो ग्र्यापमा सकुशल फर्केको कुरा पनि जनाइएको छ ।

इरानको समाचार समितिले बहुराष्ट्रिय सेनाका विमानहरुले इराकी शहरवाग्रामा व्यापक आक्रमण गरेको कुरा जनाएको छ । सो समाचार समितिले इरानको सिमा भन्दा पचीस माइल पर रहेको इराकी शहर कुरान शहरमा इराकको विमानबेधी तोपको आवाज सुनिएको कुरा जनाएको छ ।

यसै बीच टर्कीको पूर्वी भागका अधिकारीहरुले दुई सय

पचास जना भन्दा बढी इराकी सैनिक भागेर टर्की पुगेको कुरा बताएका छन् । हिजो इराकले टर्कीलाई बहुराष्ट्रिय सेनालाई टर्कीको विमान स्थल प्रयोग गर्न नदिने चेतावनी दिएता पनि टर्कीको इन्सेल्लिक स्थित विमान स्थलबाट अमेरिकी विमानहरुले इराकमाथि बम आक्रमण गरेका छन् ।

इराकले साउदी अरेबियाको कुवेती सीमा नजीकैको सैनिक अखाड़ा हाफर अल्बाटीमा प्रहार गरेको क्षेप्यास्त्रलाई नष्ट गरिएको कुरा साउदी अरेबियाले जनाएको छ । इराकले क्षेप्यास्त्र प्रहार गर्न सक्ने सम्भावना भएको साउदी अरेबियाको राजधानी रियाद र बहुराष्ट्रिय सैनिकको केन्द्रीय अखाड़ा रहेको दहरान शहरको सुरक्षाका लागि प्याट्रियट क्षेप्यास्त्र प्रक्षेपन गरिएको थियो ।

इजरायली रक्षा मन्त्रीले इराकले गरेको क्षेप्यास्त्र आक्रमणको प्रत्युत्तर दिने सम्बन्धी इजरायली नीतिमा कुनै परिबर्तन नआएको कुरा बताउनु भएको छ । इराकले गए राति इजरायलको तेलअभिभा प्रहार गरेको क्षेप्यास्त्रलाई क्षेप्यास्त्रवेधी प्याट्रियट क्षेप्यास्त्रले नष्ट गरेको कुरा बताइएको छ ।

खाड़ीमा युद्धविराम गर्ने शान्ति योजना कुनैपनि मुलुक वा



此为试读,需要完整PDF请访问: www.ertongbook.com

मुलुकहरूको समूहले शुरु गरेमा पनि अमेरिकाले स्वीकार नगर्ने कुरा जनाएको छ । ह्वाइट हाउसका प्रवक्ताले समाचारदाताहरूलाई सो जानकारी दिंदै खाड़ी युद्धको समाधान इराकले विनाशर्त कुवेतबाट आफ्नो सम्पूर्ण सेना हटाएपछि मात्र हुने कुरा जनाएका छन् ।

यसै बीच साउदी अरेबिया स्थित बहुराष्ट्रिय सेनाले आफ्नो ध्यान इराकी स्थल सेनातर्फ केन्द्रीत गरेका छन् । अमेरिकी सेनाध्यक्ष जनरल कोलिन पावेलले बहुराष्ट्रिय सेनाले दक्षिणी इराक तथा कुवेतमा आक्रमण गर्न आफ्नो स्थलसेना लाई एकै ठाउँमा एकीकृत गर्न थालेको जानकारी दिनु भएको छ ।

जर्मनीका विदेश मन्त्री हान्स देतएरिज गेन्सरले वरिष्ट राजनीतिज्ञहरु सम्मिलित एक प्रतिनिधि मण्डलका साथ इजरायलको भ्रमण गर्दै हुनु हुन्छ । सो भ्रमणको उद्देश्य इजरायलमा इराकी क्षेप्यास्त्र आक्रमण पछि इजरायलप्रति जर्मनीको समर्थनलाई प्रदर्शन गर्नु भएको छ । श्री गेन्सरको सो भ्रमणका बारेमा जर्मनीका चांसलर हेलमोट कोलले हिजो घोषणा गर्नु भएको थियो । सो भ्रमणको घोषणाका साथ साथै श्री कोलले जर्मनीले इजरायललाई तत्काल आपतकालीन सहयोग स्वरुप सत्र करोड़ अमेरिकी डलर प्रदान गर्ने

घोषणा पनि गर्नु भएको थियो ।

भारतका विदेश मामिला सम्बन्धी मन्त्री विद्याचरण शुक्लले आफू अंसंलग्न राष्ट्रका नेताहरुसंग खाडी समस्याको शान्तिपूर्ण समाधानको विषयमा सम्पर्क कायमै राख्ने कुरा बताउनु भएको छ । बेल्ग्रेडको भ्रमण सकी नयाँ दिल्ली फर्कदा उहाँले सो कुरा बताउनु भएको हो । विदेश मन्त्री शुक्ल र युगोस्लाभिया विदेश मन्त्री बीच चार चरणको कुराकानी पछि बेल्ग्रेडमा प्रकाशित एक संयुक्त विज्ञप्तिमा युगोस्लाभिया र भारतले खाडी युद्ध अन्त्यका बारेमा असंलग्न अभियानका अरु सदस्य राष्ट्रहरु, संयुक्त राष्ट संघीय सुरक्षा परिषद्का सदस्य राष्ट्रहरु र संयुक्त राष्ट्र संघका महासचिवसंग सम्पर्क कायम गर्ने कुरा बताइएको छ । विदेश मन्त्री शुक्लले आगामी महीना बेल्ग्रेडमा भारत युगोस्लाभिया, अल्जेरिया रवेनेजुवेलाका विदेश मन्त्री बीच पूर्ण भेटघाट गर्ने कार्यक्रम रहेको कुरा बताउनु भयो । श्री शुक्ल खाडी संकटको बारेमा इरानी नेताहरुसंग कुराकानी गर्न भोलि तेहरान जाँदै हुनुहुन्छ ।

अब खेलकूद, खेलकूदमा फूटबल:

दशरथ रंगशालामा संचालन भइरहेको शुभजन्मोत्सवक फूटबल प्रतियोगिता अन्तर्गत आज भएको खेलमा मनांग शान्ति क्लबले नेपाली

प्रहरीको माछापुछे क्लबलाई २:१ ले पराजित गर्‍यो । भोलि शाही नेपाली सेनाको त्रिभुवन क्लब तथा फेंडूस क्लबका बीच खेल हुनेछ ।

अब अन्तमा यस प्रसारणका प्रमुख समाचार एक पटक फेरि सुनौं ।

नेपाली कांग्रेसका सर्व मान्य नेता गणेशमान सिंहले जनतामा चेतना जति बढ्छ , प्रजातन्त्र पनि त्यतिनै सुदृढ हुन्छ भन्नु भएको छ ।

इराकले साउदी अरेबिया तथा इजरायलका केही स्थानमा .. क्षेप्यास्त्र हानेको कुरा जनाएको छ भने बहुराष्ट्रिय सेनाले इराक विरुद्धको कारवाही जारी राखेको छ ।

खाडीमा युद्ध विराम गर्ने शान्ति योजना कुनै : पनि मुलुक वा मुलुकहरुको समूहले शुरु गरेमा पनि अमेरिकाले स्वीकार नगर्ने कुरा जनाएको छ ।

रेडियो नेपालबाट समाचार सकियो ।

मौसम, आगामी चौबीस घण्टा अधिराज्यको पहाडी भागमा आंशिक बदली हुने तथा बांकी भागमा सामान्यतया मौसम सफा रहने कुरा जलवायु विज्ञान विभागले जनाएको छ । काठमाडौं उपत्यकामा आज राति र भोलि आंशिक बदली हुनेछ ।

आज धनकुटाको अधिकतम तापक्रम ९. १ डिग्री सेंटीग्रेड,

न्यूनतम तापक्रम ४. ९ डि. सें ।

काठमाडौंको अधिकतम तापक्रम १६. १ , न्यूनतम १. ३ ।

पोखराको अधिकतम १६. ७, न्यूनतम ६. १ ।

वीरेन्द्र नगरको अधिकतम १९. ६, न्यूनतम ४. २ ।

र दिपायलको अधिकतम तापक्रम २३. ६ डिग्री सेंटीग्रेड र

न्यूनतम

तापक्रम ३.४ डिग्री सेंटीग्रेड थियो ।

रेडियो नेपालबाट मौसम सम्बन्धी जानकारी सक्यो ।

रेन्बो रेन्बो, नेपालमा बनेको ब्लाक-वाइट टेलिभिजन ।

| | |
|---|---|
| क्षेप्यास्त्र | 导弹 |
| ढुकुटी रित्तिनु | (国)库空虚 |
| पछौटेपन | 落后 |
| निष्पक्ष | 公正的 |
| बुद्धिजीवी | 知识分子 |
| तत्वावधान | 监督，检查 |
| निशस्त्रीकरण | 裁减军备，解除武装 |
| चियापान | 茶话会 |
| संयुक्त राष्ट्र संघको बडापत्र | 《联合国宪章》 |
| प्रवर्तन गर्नु | 实行，实践 |
| कन्टेम्पोररी आर्ट ग्यालरी (contemporary art gallery) | 当代艺术画廊 |
| अनवरत | 不断的，不懈的 |
| अमन चयन | 和平与安宁 |
| उजागर | |
| विवरण | 解释，说明 |
| विघटित | 解散的 |
| सैन्य कतिविधि | 军事活动 |

| | |
|---|---|
| निरंकुश | 专制的，独裁的 |
| आंशिक | 局部的，部分的 |
| अधिकतम तापक्रम | 最高温度 |
| न्यूनतम तापक्रम | 最低温度 |
| डिग्री सेंटीग्रेड | 摄氏度 |



此为试读，需要完整PDF请访问：www.ertongbook.com